आज मिति २०८३।०२।०३ गतेका दिन यस मल्याङ्दी गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङ ज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिती:-

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा.)
उपाध्यक्ष :- श्री सुना माया थापा (उपाध्यक्ष ,, )
वडा अध्यक्ष :- श्री चन्द्रमान गुरुङ (वडा नं. १ ,, )
वडा अध्यक्ष :- श्री लाल बहादुर गुरुङ (वडा नं. २ ,, )
वडा अध्यक्ष :- श्री पुष्पमान तामाङ (वडा नं. ३ ,, )
वडा अध्यक्ष :- श्री ~~धनश्याम घले~~ पल बहादुर गुरुङ (वडा ४)
वडा अध्यक्ष :- श्री धन श्याम घले (वडा नं. ५ ,, )
वडा अध्यक्ष :- श्री मीन राजी गुरुङ (वडा नं. ६ ,, )
वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा नं. ७ ,, )
वडा अध्यक्ष :- श्री धन सिङ तामाङ (वडा नं. ८ ,, )
वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा नं. ९ ,, )
कार्यपालिका सदस्य :- श्री पूर्ण कुमारी गुरुङ
कार्यपालिका सदस्य :- श्री पूर्ण घले
कार्यपालिका सदस्य :- श्री पारु कुमारी गुरुङ
कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली
कार्यपालिका सदस्य :- श्री मधु माया वगाले
कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत :- श्री प्रेमचन्द्र अर्याल।

अन्य उपस्थिती
श्री अर्जुन न्यौपाने (प्र.अ.)
श्री सुरेन्द्र ढुङ्गाना (लेखा प्रमुख)

मिति २०७९/०३/०९ गते मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १.

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७९/०८० को बजेट गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**गाउँसभाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र गाउँसभा सदस्य ज्यूहरु,**

१) स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ बमोजिम मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटलाई उत्पादन, उत्पादकत्व र उच्च आर्थिक वृद्धि, सामाजिक न्याय र मर्स्याङ्दी गाउँबासीको समृद्धिको संवाहकको रुपमा प्रस्तुत गरेको छु ।

२) सर्वप्रथम लोकतान्त्रिक आन्दोलन, सशस्त्र जनयुद्ध, परिवर्तन, क्रान्ति, सामाजिक तथा मुक्ति आन्दोलनमा शहादत प्राप्त गर्ने सबै अमर शहिदहरुलाई स्मरण गर्दै, यहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। अग्रगामी परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने अग्रज नेताहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

३) समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्पलाई पुरा गर्न निरपेक्ष गरिबीको मारमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय सहितका आम नागरिकको विकासको चाहनालाई संबोधन गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु ।

४) आर्थिक वर्ष २०७९/८०को मर्स्याङ्दी गाउँपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, सङ्घीय सरकारको ऐन, नियम, कानून र कार्यविधि, पन्ध्रौं पञ्चवर्षीय योजना, दीगो विकासका लक्ष्यहरु, मध्यकालीन खर्च संरचना, गण्डकी प्रदेश सरकारको ऐन, नियम, कानून र प्रथम पञ्चवर्षीय योजना, गाउँपालिकाको ऐन,नियम ,नीति तथा कार्यक्रम सभाका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई आधार मानेको छु । यस गाउँपालिकाको बजेट तर्जुमा गर्दा सङ्घीय सरकार, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटलाई आधार लिएको छु । यो बजेट तर्जुमा गर्दा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत समावेश गरेको छु।

**अध्यक्ष महोदय,**

अब म बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५) आ.व. २०७९/८०को बजेटका उद्देश्यहरु निम्न छन् :

- सामाजिक र आर्थिक रुपान्तरण गरी समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माण गर्ने,
- सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व पालना गर्ने गराउने,
- बाढी पहिरोबाट उत्पन्न प्राकृतिक विपत्तीबाट मानव जीवनमा आइपरेका समस्याहरुको समाधान गर्ने,

- कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत-साधन, श्रमशक्ति, पूँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सृजना र गरिबी निवारण गर्ने,
- चुस्त, दुरुस्त, सर्वसुलभ र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, आर्थिक र सामाजिक क्षेत्रको विकास गर्ने,
- आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने ।

६) आ.व. २०७९/८० को बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :

- कृषि तथा पुशपंछी क्षेत्रको व्यवसायिकरण, आधुनिकिरण, सामुहिकिकरण र बजारीकरण,
- नीजि क्षेत्र समेतको सहभागितामा पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार विकास,
- वन जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोतसाधनको दीगो व्यवस्थापन र सदुपयोग,
- स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धन मार्फत रोजगारी र स्वरोजगारको अवसर सृजना र गरिबी निवारण,
- दीगो गुणस्तरीय प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण,
- गुणस्तरीय शिक्षा र स्वास्थ्य, खेलकुद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास,
- आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक रुपमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्यायं, समावेशी एवम् समानुपातिक विकास,
- गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भ्रष्टाचार निवारण र सुशासन अभिवृद्धि ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७९/८० सम्मको मर्स्याङ्दी गाउँपालिकाको तर्फबाट सम्पादित महत्त्वपूर्ण कामहरुको सङक्षिप्त विवरण र आगामी वर्षको प्रक्षेपण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मर्स्याङ्दी गाउँपालिकाको विगत ५ वर्षको वित्तीय प्रगतिको समिक्षा गर्दा आ.व. २०७४/०७५ मा ८५.९ प्रतिशत, आ.व.२०७५/०७६ मा ८६.९० प्रतिशत,आ.व. २०७६/७७ मा ८३.९५ प्रतिशत, आ.व.२०७७/०७८ मा ८४.७१ प्रतिशत, आ.व. २०७८/७९को असार ९ गते सम्मको चालु तर्फ ८४.४९ प्रतिशत र पुंजीगत तर्फ ७२.०२ प्रतिशत गरी जम्मा ८०.५६ प्रतिशत भएको छ र असार मसान्त सम्म हुने ८६ प्रतिशत अनुमान र आगामी आर्थिक वर्ष २०७९/८० मा ९० प्रतिशत वित्तीय प्रगति हुने लक्ष्य लिएको छु।

चालु आ.व.को योजना विवरणमा जम्मा ३८९ वटा योजनाहरु रहेकोमा २७२ योजनाहरुको सम्झौता भई २६२ वटा योजनाहरुको कार्यसम्पन्न पश्चात भुक्तानी भइसकेको छ भने खरिदका योजना ११२ वटा रहेका छन् तथा सम्झौता नभएका योजना संख्या ५ रहेका छन्।

**अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु । मर्स्याङ्दी गाँउपालिकाले प्रस्तावित नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेश तथा स्थानीय सरकारका विद्यमान ऐन, कानूनहरु, आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिका मिति २०७९/०३/०९ गते स्वीकृत गरी यस गरीमामय गाउँसभामा आगामी आ.व. २०७९/८० को बजेट प्रस्तुत गरेको छु । आ.व.२०७९/८० मा यस गाउँपालिकामा नेपाल सरकारको वित्तीय समानीकरण अनुदान रु ९ करोड ५५ लाख ।- प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रु १ करोड ४ लाख ४३ हजार ), नेपाल सरकारको राजश्व बाँडफाँडबाट १० करोड १९ लाख ८३ हजार । प्रदेश सरकारको राजश्व बाँडफाँडबाट ७८ लाख ९७ हजार , आन्तरिक राजस्व तर्फ १ करोड , सशर्त अनुदान सङ्घीय सरकारतर्फ रु २३ करोड ८७ लाख , सङ्घ सरकाको विशेष अनुदान तर्फ १ करोड ५० लाख , सङ्घ सरकारको समपूरक अनुदान तर्फ २ करोड ४० लाख , प्रदेश सरकार विशेष अनुदान वापत रु ६० लाख र समपूरक अनुदान ५० लाख , जलविद्युत रोयल्टी वापत रु २ करोड ३० लाख ८१ हजार ३ साय ५८ , पर्वतारोहण वापत प्राप्त रोयल्टी रु २ लाख २८ हजार ७ सय ९० , वन पैदावर रोयल्टी रु ७७ हजार २ सय ३ , गरीबसँग विशेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार र प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम रु. ३ लाख ८० हजार ९ सय ४२ र अघिल्लो वर्षको अनुमानित नगद मौज्दात रु ५१ लाख ८९ हजार ६ सय ४९ गरी कुल आय ५४ करोड ३९ लाख ४५ हजार ९ सय ४२ को अनुमानित आय यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म आ.व. २०७९/८०को व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

चालु खर्च तर्फबाट ७ करोड ३९ लाख । पूँजीगत खर्चतर्फ २० करोड १५ लाख । सशर्ततर्फ २३ करोड ८७ लाख । गरीवसँग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार । प्रदेश र स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फ रु ३ लाख ८० हजार ९ सय ४२ , समपूरक कोष तर्फ रु २ करोड ९०

लाख गरी जम्मा कुल खर्च ५४ करोड ३९ लाख ४५ हजार ९ सय ४२ को अनुमानित खर्च यस गरीममय सभा समक्ष पेश गर्दछु ।

जस मध्ये नीति तथा कार्यक्रमको आधारमा निम्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेटमा विनियोजन गरेको छु । वडागत रुपमा गाउँ-बस्तीको योजनाहरुलाई सम्बोधन गर्ने गरी वडा समितिले छनौट गर्न पाउने गरी योजना कार्यान्वयन गराउन वडागत रुपमा जनसङ्ख्या, भौगोलिक क्षेत्रफल, विकटतालाई आधार मानी ९ वटा वडाहरुलाई रु. ६ करोड बजेट व्यवस्था मिलाएको छु । वडागत योजनाहरुको विवरण अनुसूचीमा उल्लेख गरीएको छ ।

७) कृषि, पशुपन्छी तथा जडीबुटी क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रको विविधीकरण र व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण विकासमा जोड दिई कृषि तथा पशुपन्छी विकास शाखा मार्फत कार्यान्वयन गर्ने गरी रु.१ करोड ७५ लाख बजेट विनियोजन गरेको छु ।

८) अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने पर्यटन व्यवसाय राम्रो भएको यस पालिकाभित्र पर्यटन प्रर्वद्धन कार्यक्रमको लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

९) सीप विकास तथा क्षमता विकास तालिमका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

१०) शिक्षाको विकासको लागि शिक्षा तर्फ रु. १ करोड ५० लाख बजेट विनियोजित गरेको छु ।

११) विपन्न, दलित, आदिवासी जनजाती बालबालिकाहरुकालाई प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न रु. ५ लाख बजेट विनियोजित गरेको छु ।

१२) स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न स्वास्थ्य क्षेत्रमा रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

१३) समाजमा योगदान गर्दै उमेरका कारण भौतिक रुपमा कमजोर भएका जेष्ठ नागरिकहरुको सम्मान तथा ६० देखि ६७ वर्ष सम्मका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गर्नका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

१४) वर्षातको समयमा पानीका कारण सडकहरु बिग्रिन गई मोटरबाटो बन्द हुन नदिन र स्थानीय युवाहरुलाई रोजगारी दिने उद्देश्यले सडक मर्मत सम्भार कार्यकर्ता परिचालन गर्नका लागि रु. १३ लाख बजेट विनियोजन गरेको छु ।

१५) शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुका लागि आय-आर्जन गरी जीविकोपार्जन गराउने तथा ग वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन रु १० लाख बजेट बजेट विनियोजन गरेको छु ।

१६) सफा मर्स्याङ्दी गाउँपालिका अभियानलाई निरन्तरता दिँदै फोहोरमैला व्यवस्थापन तथा पूर्वाधार निर्माणका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३०) सशक्तिकरण कार्यक्रममा रु ५ लाख, असक्त , असहाय विपन्न कोषमा रु १४ लाख, स्वास्थ्य शिविर सञ्चालन गर्न रु ४ लाख, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण गर्न रु ३ लाख बजेट विनियोजन गरेको छु।

३१) यस गाउँपालिकाका युवा उद्यमीहरुले बैङ्कबाट लिएको कर्जाको व्याजमा अनुदान प्रदान गर्न रु ६ लाख, सडक पुगेका बस्तीहरुमा सडक सफा गर्नको लागि रु १५ लाख र कार्यालयसँग सम्बन्धित अन्य सार्वजनिक निर्माण गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३२) केहि थप मुख्य सडकहरुको रुपमा नायु-सेने-फ्रेजों सडकका लागि रु २० लाख, खुदी-हसिँङ डाँडा-सिउरुङ सडकका लागि रु ४० लाख, खुदी-पुरानोगाउँ-जिम्दो सडकका लागि रु १० लाख, रामबजार-छापा-सिलढुङ्गा-उपल्लो ताघ्रिङ सडकको लागि रु २५ लाख, च्याम्चे-नास्कुच्चे-पुरानो जगत सडकका लागि रु १० लाख, स्याँगे-मिर्पा सडकका लागि रु ५ लाख, बाहुनडाँडा- थालाजु-सञ्जापु सडक (वडा नं ५ र ६) को लागि रु २० लाख, डादी-थाकनबेसी सडकका लागि रु ५ लाख, डादी-उस्ता-बराहपोखरी सडकका लागि रु ३० लाख र भुलभुले-सिमलचौर-भस्मे-रिङटाङ सडकका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु।

३३) ग्रामीण तालिम केन्द्रको जग्गा खरिद गर्नका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

**आय/व्यय र कार्यक्रमको योजनाको शीर्षक तथा बजेट अनुसूचीहरुमा प्रस्तुत गरेको छु ।**

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडासदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजी क्षेत्र, पत्रकार, सम्पूर्ण पालिकाबासीहरुबाट प्राप्त सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक अभार व्यक्त गर्दछु ।

**"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला संस्कृतिको संरक्षण कृषि, पर्यटन, उर्जा र पूर्वाधार"** को नारालाई साकार पार्नका निम्ति मर्स्याङ्दी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउनुहुने मर्स्याङ्दी गाउँपालिकाको जनसमूदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यावाद !

जुना माया थापा
उपाध्यक्ष
मर्स्याङ्दी गाउँपालिका, लमजुङ ।

**मितिः** २०७९ असार १० गते, शुक्रबार

## आय व्ययको विवरण ( आ.व. २०७९/८० )

| क्र.सं. | शीर्षक | आ.व. २०७९/८० को अनुमान | कैफियत |
|---|---|---|---|
| **आयः** | | | |
| १ | आन्तरिक राजश्व | १०,०००,०००.०० | |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त रकम (केन्द्र सरकारबाट प्राप्त ) | १०१,९८३,०००.०० | |
| ३ | राजस्व बाँडफाँडबाट प्राप्त रकम (प्रदेश सरकारबाट प्राप्त, सवारी साधन कर ) | ७,८९७,०००.०० | |
| ४ | अघिल्लो आ.व.को नगद मौज्दात | ५,१८९,६४९.०० | |
| ५ | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | ९५,५००,०००.०० | |
| ६ | प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान | १०,४४३,०००.०० | |
| ७ | पर्वतारोहण रायल्टी | २२८,७९०.०० | |
| ८ | जलविद्युत रोयल्टी | २३,०८१,३५८.०० | |
| ९ | वन रोयल्टी | ७७,२०३.०० | |
| १० | संघ विशेष अनुदान | १५,०००,०००.०० | |
| ११ | प्रदेश विशेष अनुदान | ६,०००,०००.०० | |
| १२ | संघ समपुरक अनुदान | २४,०००,०००.०० | |
| १३ | प्रदेश समपुरक अनुदान | ५,०००,०००.०० | |
| | **जम्मा** | **३०४,४००,०००.००** | |
| १५ | सशर्त अनुदान | २२७,५००,०००.०० | |
| १६ | सशर्त अनुदान पूँजीगत | ११,२००,०००.०० | |
| १७ | गरिव सँग विशेश्वर कार्यक्रम | ४६५,०००.०० | |
| १८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३८०,९४२.०० | |
| | **जम्मा** | **२३९५४५९४२.००** | |
| | **कुल जम्मा आय** | **५४३९४५९४२.००** | |
| **व्ययः** | | | |
| १ | चालु खर्च | ७३,९००,०००.०० | |
| २ | पूजीगत खर्च | २०१,५००,०००.०० | |
| ३ | सशर्त अनुदान | २३८,७००,०००.०० | |
| ४ | गरिव सँग विशेश्वर कार्यक्रम | ४६५,०००.०० | |
| ५ | प्रदेश र स्थानिय तह क्षमता विकास कार्यक्रम | ३८०,९४२.०० | |

| | | | |
|---|---|---|---|
| ६ | समपरक कोष | २९,०००,०००.०० | |
| | कुल जम्मा खर्च | ५४३,९४५,९४२.०० | |

**सामाजिक सुरक्षामा रु.१२ करोड अनुमान गरिएकोछ ।**

गा.पा. चालु खर्च २०७९/८०

| क्र.स. | शिर्षक | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १८,०००,०००.०० | |
| २ | पोशाक | ७००,०००.०० | |
| ३ | स्थानीय भत्ता | ५००,०००.०० | |
| ४ | महङ्गी भत्ता | ९००,०००.०० | |
| ५ | फिल्ड भत्ता | ७००,०००.०० | |
| ७ | अन्य भत्ता | १,१००,०००.०० | |
| ८ | पदाधिकारी सुविधा | १०,५००,०००.०० | |
| ९ | कर्मचारी योगदानमा आधारित निवृतिवरण | ५००,०००.०० | |
| १० | अन्य सेवा शुल्क | ३००,०००.०० | |
| ११ | पानी तथा बिजुली | ३००,०००.०० | |
| १२ | सुञ्चार | ४००,०००.०० | |
| १३ | इन्धन कार्यालय | १,८००,०००.०० | |
| १४ | इन्धन कार्यालय Machine | १,०००,०००.०० | |
| १५ | सवारी साधन मर्मत | २,०००,०००.०० | |
| १६ | बिमा नविकरण | ३००,०००.०० | |
| १७ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १,०००,०००.०० | |
| १८ | मसलन्द तथा कार्यालय सामाग्री | २,३००,०००.०० | |
| १९ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,८००,०००.०० | |
| २० | सभा संचालन खर्च | १,०००,०००.०० | |
| २१ | अन्य कार्यालय संचालन खर्च | ५००,०००.०० | |
| २२ | सेवा र परामर्श खर्च | २,०००,०००.०० | |
| २३ | करार सेवा शुल्क | १४,०००,०००.०० | |
| २४ | कर्मचारी तालिम खर्च | १,०००,०००.०० | |
| २५ | अनुगमन, मूल्यांकन खर्च | २,५००,०००.०० | |
| २६ | भ्रमण खर्च | ५००,०००.०० | |
| २७ | अन्य भ्रमण खर्च | ५००,०००.०० | |
| २८ | विविध खर्च | २,०००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २९ | वडा कार्यालय सञ्चालन खर्च | ३,०००,०००.०० | |
| ३० | घरभाडा | ८००,०००.०० | |
| ३१ | सवारी साधन तथा मेशिनर औजार भाडा | १,०००,०००.०० | |
| ३२ | मेशिनरी औजार | १,०००,०००.०० | |
| | **जम्मा** | ७३,९००,०००.०० | |

| क.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजित रु. | कैफियत |
|---|---|---|---|---|
| | **विविध कार्यक्रम खर्च ( २२५२९ )** | | | |
| १ | विभिन्न धार्मिक ,सास्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च | गा.पा. | १,०००,०००.०० | |
| २ | विपद व्यवस्थापन कोष | गा.पा. | ३,०००,०००.०० | |
| ३ | असक्त,असहाय, विपन्न सहायता कोष | गा.पा. | १,४००,०००.०० | |
| ४ | वडा स्तरीय र विद्यालय स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलाप | गा.पा. | १,२००,०००.०० | |
| ५ | स्वास्थ्य शिविर सञ्चालन | गा.पा. | ४००,०००.०० | |
| ६ | सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण | गा.पा. | ३००,०००.०० | |
| | **जम्मा** | | **७,३००,०००.००** | |
| | **सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२ )** | | | |
| १ | सशक्तिकरण कार्यक्रम | गा.पा. | ५००,०००.०० | |
| २ | सिपमुलक तथा क्षमता विकास तालिम | गा.पा. | २,०००,०००.०० | |
| | **जम्मा** | | **२,५००,०००.००** | |
| | **कार्यक्रम खर्च ( २२५२२ )** | | | |
| १ | शिक्षा तर्फ (तलब तथा कार्यक्रम) | गा.पा. | १५,०००,०००.०० | |
| २ | स्वास्थ्य तर्फ | गा.पा. | ५,०००,०००.०० | |
| ३ | जेष्ठ नागरिक सम्मान तथा ६०-६७ वर्ष एकल पुरुष सामाजिक सुरक्षा भत्ता | गा.पा. | १,०००,०००.०० | |
| ४ | अपाङ्ग सम्मान तथा ग वर्गका अपाङ्ग भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता | गा.पा. | १,०००,०००.०० | |
| ५ | पर्यटन प्रवर्द्धन कार्यक्रम | गा.पा. | ५,०००,०००.०० | |
| ६ | फोहोरमैला व्यवस्थापन तथा पूर्वाधार निर्माण | गा.पा. | १,०००,०००.०० | |
| ७ | वन पैदावार संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण | गा.पा. | ५००,०००.०० | |
| ८ | सामुदायिक स्वास्थ्य ईकाईहरुलाई अनुदान सहयोग | गा.पा. | ३,०००,०००.०० | |
| | **जम्मा** | | **३१,५००,०००.००** | |
| | **अन्य सार्वजनिक निर्माण (३११५९) श्रोत वित्तीय सा. अनुदान** | | | |
| १ | सडक हेरालु | गा.पा. | १,३००,०००.०० | |
| २ | सडक पुगेको बस्तिहरुमा सडक सफा गर्न | गा.पा. | १,५००,०००.०० | |
| ३ | कृषि, पशु, जटिबुटी कार्यक्रम | गा.पा. | १७,५००,०००.०० | |
| ४ | उद्यमशिलतामा व्याज अनुदान | गा.पा. | ६००,०००.०० | |
| ५ | गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागी प्राविधिक शिक्षा छात्रवृद्धि | गा.पा. | ५००,०००.०० | |
| ६ | शहिद स्मृति अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, खुदी | गा.पा. | ५००,०००.०० | |
| ७ | कार्यालय सँग सम्बन्धित अन्य सार्वजनिक निर्माण | गा.पा. | ५००,०००.०० | |
| ८ | आरान सुधार कार्यक्रम | गा.पा. | ५००,०००.०० | |
| | **जम्मा** | | **२२,९००,०००.००** | |

## वडा र गापागत बजेट तथा कार्यक्रम

| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | खुदी-रोप्लेफाँट-नायु-घनपोखरा सडक स्तरोन्नती | गा.पा. | १०,०००,०००.०० | समपुरक |
| २ | नायुँ-फ्रेजो-सेने-कलोबेसी सडक | गा.पा. | २,०००,०००.०० | |
| ३ | खुदी-हर्सिङ डाँडा-शिउरुङ सडक | गा.पा. | ५,०००,०००.०० | |
| ४ | रामबार-छापा-शिलढुङ्गा-उपल्लो ताघ्रिङ सडक | गा.पा. | २,५००,०००.०० | |
| ५ | बाहुनडाँडा घेर्मु सडक | गा.पा. | ५,०००,०००.०० | समपुरक |
| ६ | बाहुनडाँडा-थालाजुङ-सञ्चापु सडक | गा.पा. | २,०००,०००.०० | |
| ७ | ङादी-उस्ता-बराहपोखरी सडक | गा.पा. | ३,०००,०००.०० | |
| ८ | भुलभुले-सिमलचौर-भुस्मे-रिङटाङ सडक | गा.पा. | २,५००,०००.०० | |
| ९ | खुदी-पाम्चोक-भलामचौर-घलेगाउ सडक स्तरोन्नती | गा.पा. | १४,०००,०००.०० | समपुरक |
| १० | वडा कार्यालय भवनहरुको अधुरो निर्माण कार्य सम्पन्न | गा.पा. | ४,०००,०००.०० | |
| ११ | प्रशासकीय भवन निर्माण | गा.पा. | १०,०००,०००.०० | साझेदारी |
| १२ | ग्रामीण तालिम केन्द्रको जग्गा खरिद | गा.पा. | २,०००,०००.०० | |
| १३ | मानवसेवा आश्रम, बेसीशहर | | १,०००,०००.०० | |
| १४ | काफलडाँडा-फैकों-वाल्क्यू सडक | १ | २००,०००.०० | |
| १५ | घनपोखरा खेलमैदान निर्माण | १ | ८००,०००.०० | |
| १६ | वडा कार्यालय भवन स्तरोन्नती | १ | ४००,०००.०० | |
| १७ | ग्रामकल्याण मा.वि. फर्निचर, भन्छाघर र स्टेज | १ | ३५०,०००.०० | |
| १८ | जनप्रिय प्रा.वि. ल्यापटप खरिद | १ | १००,०००.०० | |
| १९ | अन्नपूर्ण प्रा.वि. घेरावार | १ | ३००,०००.०० | |
| २० | घनपोखरा स्वास्थ्य चौकी (प्रोजेक्टर र ल्यापटप खरिद) | १ | १००,०००.०० | |
| २१ | युवा विकास कार्यक्रम | १ | १५०,०००.०० | |
| २२ | महिला विकास कार्यक्रम | १ | ७५,०००.०० | |
| २३ | विपद् व्यवस्थापन | १ | ५०,०००.०० | |
| २४ | तल्ङ्यो पोखरी संरक्षण तथा तोतोको पार्क निर्माण | १ | २५०,०००.०० | |
| २५ | फैदु-मुर्चु-कोटार खानेपानी योजना | १ | २५०,०००.०० | |
| २६ | सै क्यूम्रो जलस्रोत संरक्षण तथा मर्मत | १ | १००,०००.०० | |
| २७ | घनपोखरा बसपार्क निर्माण | १ | १००,०००.०० | |
| २८ | नायुँ छेलाँ क्युम्रुँ संरक्षण तथा आन्तरिक गोरेटोबाटो मर्मत | १ | ३००,०००.०० | |
| २९ | सै खानेपानी योजना | १ | १००,०००.०० | |
| ३० | वाल्क्यू-सेने सेल्कों सडक | १ | ३००,०००.०० | |
| ३१ | नेप्चे फैंको भाचे खानेपानी योजना | १ | २००,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| ३२ | फ्रेंजो खेलमैदान निर्माण | १ | १००,०००.०० | |
| ३३ | घनपोखरा सामुदायिक भवन स्तरोन्नती | १ | ३००,०००.०० | |
| ३४ | घनपोखरा गुम्बा | १ | २००,०००.०० | |
| ३५ | तमु जनजागृति आमा समूह भवन स्तरोन्नती | १ | १००,०००.०० | |
| ३६ | वडा कार्यालयको लागि ल्यापटप खरिद | १ | ७५,०००.०० | |
| ३७ | अमृत प्रा.वि. घेराबार | २ | २५०,०००.०० | |
| ३८ | रोप्लेफाँट तरकारी संकलन केन्द्र | २ | २००,०००.०० | |
| ३९ | मार्चा आन्तरिक गोरेटोबाटो | २ | १५०,०००.०० | |
| ४० | घिम्राङ सामुदायिक भवन | २ | २५०,०००.०० | |
| ४१ | पैयुखोला अरुखर्क मोटरबाटो | २ | ४००,०००.०० | |
| ४२ | मार्चा डेसी मोटरबाटो | २ | ३५०,०००.०० | |
| ४३ | मैगु कोल्मा गोरेटोबाटो | २ | २००,०००.०० | |
| ४४ | कर्मदा जनजागृती आमा समूह भवन | २ | ६००,०००.०० | |
| ४५ | घोप्टे सिम्रो डेसी मोटरबाटो | २ | २००,०००.०० | |
| ४६ | मैदु खोल्सा तारबार | २ | १५०,०००.०० | |
| ४७ | तमु छोज धिं भाचे | २ | ३००,०००.०० | |
| ४८ | शान्ति ज्योती सामुदायिक भवन | २ | ४००,०००.०० | |
| ४९ | भाचे आन्तरिक गोरेटोबाटो | २ | १५०,०००.०० | |
| ५० | कवि डिल्लीजङ्ग स्मारिका | २ | ३५०,०००.०० | |
| ५१ | चर्च भवन मर्मत | २ | २००,०००.०० | |
| ५२ | त्रिभुवन मा.वि. गोरेटोबाटो | २ | १५०,०००.०० | |
| ५३ | मोर्डी सामुदायिक भवन | २ | ३००,०००.०० | |
| ५४ | नमुना सामुदायिक भवन | २ | ३००,०००.०० | |
| ५५ | भर्दौरे सामुदायिक भवन | २ | ३००,०००.०० | |
| ५६ | केम्ब्राइन मिल खरिद | २ | १५०,०००.०० | |
| ५७ | त्रिभुवन मा.वि. तारबार | २ | १५०,०००.०० | |
| ५८ | युवा क्लब सहयोग कार्यक्रम | २ | १००,०००.०० | |
| ५९ | जनकल्याण सामुदायिक भवन | २ | ४००,०००.०० | |
| ६० | भाचे खेलमैदान | २ | ३००,०००.०० | |
| ६१ | थाकन आमा समूह आवास निर्माण | ३ | ३५०,०००.०० | |
| ६२ | अर्खले बेशी एक घर एक धारा खानेपानी | ३ | १५०,०००.०० | |
| ६३ | टारीकुना सामुदायिक भवन | ३ | ३००,०००.०० | |
| ६४ | चम्चे खोलाबाट पक्की कुलो निर्माण | ३ | २००,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| ६५ | ह्यूलसाङ गुम्बा कम्पाउण्डे | ३ | ३००,०००.०० | |
| ६६ | शिलादेवी मन्दिर जाने गोरेटोबाटो निर्माण | ३ | ३००,०००.०० | |
| ६७ | तिम्रुङ एक घर एक धारा खानेपानी | ३ | ३००,०००.०० | |
| ६८ | काभ्रे आमा समूह भवन स्तरोन्नती | ३ | २००,०००.०० | |
| ६९ | कोम्बो धिँ निर्माण | ३ | २००,०००.०० | |
| ७० | मनास्लु भन्छाघर स्तरोन्नती | ३ | ३००,०००.०० | |
| ७१ | जिम्दो गोरेटोबाटो निर्माण | ३ | २००,०००.०० | |
| ७२ | पल्लोटरी कृषि सडक स्तरोन्नती | ३ | २५०,०००.०० | |
| ७३ | धनेश्वर खेलमैदानमा मञ्च निर्माण | ३ | ३००,०००.०० | |
| ७४ | तरापु धनेश्वर खेलमैदान निर्माण | ३ | ४००,०००.०० | |
| ७५ | छहरेखोला ज्यामिरे खानेपानी निर्माण | ३ | २००,०००.०० | |
| ७६ | टोंपु पुरानो गाउँ मोटरबाटो | ३ | ९००,०००.०० | |
| ७७ | चौतारी आमा समूह भवन स्तरोन्नती | ३ | २००,०००.०० | |
| ७८ | ढगेंबेसी शिवमन्दिर निर्माण | ३ | १००,०००.०० | |
| ७९ | छविसे ज्यामिरे, लालीगुरासँ मार्ग स्तरोन्नती | ३ | २००,०००.०० | |
| ८० | तामाङ समाज भवन किचन निर्माण | ३ | २००,०००.०० | |
| ८१ | जमटे साउथर बाटो निर्माण | ३ | ३००,०००.०० | |
| ८२ | इन्द्र मन्दिर सिढि निर्माण | ३ | १५०,०००.०० | |
| ८३ | खुदी बजार भल नियन्त्रण | ३ | ९००,०००.०० | |
| ८४ | खुदी बजार मिलनचोक, हुलाकघर हुँदै तल्लो बजार बाटो र सिढिँ निर्माण | ३ | ३००,०००.०० | |
| ८५ | उद्योग वाणिज्य सङ्घ किचन निर्माण | ३ | ३००,०००.०० | |
| ८६ | सुकमान गुरुङ स्मृती प्रवेशद्वार खुदी | ३ | १,०००,०००.०० | |
| ८७ | हर्सिङ विकास कार्यक्रम | ३ | २००,०००.०० | |
| ८८ | खुदी -पुरानोगाउँ-जिम्दो सडक | ३ | १,०००,०००.०० | |
| ८९ | साङ्गे छोइलिङ भिक्षुनी आनी गुम्बा | ३ | ३००,०००.०० | |
| ९० | बुद्धबजार गुम्बा | ३ | ३००,०००.०० | |
| ९१ | भक्ति थापा पार्क | ३ | ५००,०००.०० | |
| ९२ | थाकन सामुदायिक भवन | ३ | ४००,०००.०० | |
| ९३ | खुदी खोला तटबन्द | ३ | ८००,०००.०० | |
| ९४ | खुदी प्रहरी चौकी घेराबार | ३ | २००,०००.०० | |
| ९५ | ननम्रो घोसिङ सामुदायिक भवन | ३ | ३००,०००.०० | |
| ९६ | घरेलु उद्योग तथा आयआर्जन कार्यक्रम | ४ | ३००,०००.०० | |

## वडा र गापागत बजेट तथा कार्यक्रम

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| ९७ | शैक्षिक सुधार कार्यक्रम | ४ | ४००,०००.०० | |
| ९८ | जनतासंग स्वास्थ्य कार्यक्रम | ४ | १५०,०००.०० | |
| ९९ | युवा तथा खेलकुद विकास कार्यक्रम | ४ | २००,०००.०० | |
| १०० | पर्यटकीय स्थल व्यवस्थापन तथा सम्बर्धन कार्यक्रम | ४ | ४००,०००.०० | |
| १०१ | च्याम्चे सामुदायिक भवन निर्माण | ४ | २००,०००.०० | |
| १०२ | च्याम्चे ढलनिकास व्यवस्थापन | ४ | १००,०००.०० | |
| १०३ | नास्कुचे ढलनिकास | ४ | २००,०००.०० | |
| १०४ | पुरानो जगत ढलनिकास | ४ | २००,०००.०० | |
| १०५ | तातोपानी युवा क्लब खेलमैदान | ४ | ५००,०००.०० | |
| १०६ | झितैं सामुदायिक भवन | ४ | ३००,०००.०० | |
| १०७ | स्याङ्गे सामुदायिक भवन मर्मत | ४ | २००,०००.०० | |
| १०८ | गोर्सलडाँडा सामुदायिक किचन निर्माण | ४ | २००,०००.०० | |
| १०९ | मिप्रा सामुदायिक किचन निर्माण | ४ | २५०,०००.०० | |
| ११० | स्यागे मिप्रा सडक | ४ | १५०,०००.०० | |
| १११ | नागरिक सचेतना भवन निर्माण | ४ | ४००,०००.०० | |
| ११२ | नयांगाँउ सामुदायिक किचन निर्माण | ४ | २००,०००.०० | |
| ११३ | उपल्लो ताघ्रिङ सामुदायिक किचन निर्माण | ४ | २००,०००.०० | |
| ११४ | ताघ्रिङ खानेपानी मर्मत | ४ | १५०,०००.०० | |
| ११५ | आठखेत सामुदायिक भवन | ४ | ४५०,०००.०० | |
| ११६ | ससकन्न्यादेवी युवा क्लब खेलमैदान | ४ | २००,०००.०० | |
| ११७ | शिलढुङ्गा भित्री बाटो ढलान | ४ | २००,०००.०० | |
| ११८ | शिलढुङ्गा सामुदायिक भवन घेराबार | ४ | १५०,०००.०० | |
| ११९ | बल्गु सामुदायिक भवन | ४ | १००,०००.०० | |
| १२० | गैरी सामुदायिक भवन | ४ | ४००,०००.०० | |
| १२१ | कालाघिरिङ डाँडा सामुदायिक भवन | ४ | ६५०,०००.०० | |
| १२२ | घोप्टे मोटरबाटो | ४ | १५०,०००.०० | |
| १२३ | गैरीखेत गोरेटोबाटो | ४ | १५०,०००.०० | |
| १२४ | श्रीचौर सामुदायिक भवन | ४ | २००,०००.०० | |
| १२५ | विपद् व्यवस्थापन | ४ | १५०,०००.०० | |
| १२६ | च्याम्चे-नास्कुचे-परानो जगत सडक | ४ | १,०००,०००.०० | |
| १२७ | स्याङ्गे-मिप्रा सडक | ४ | ५००,०००.०० | |
| १२८ | जगत खानेपानी व्यवस्थापन | ४ | ३००,०००.०० | |
| १२९ | निउरी मोटरबाटो | ५ | ९००,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १३० | छिचु मोटरबाटो | ५ | ७००,०००.०० | |
| १३१ | खम्गी-घेर्मु मोटरबाटो | ५ | ४५०,०००.०० | |
| १३२ | खोरीयाखेत मोटरबाटो | ५ | ३५०,०००.०० | |
| १३३ | उपल्लो चिप्ला सामुदायिक भवन | ५ | ८००,०००.०० | |
| १३४ | थाल्जुङ सामुदायिक भवन | ५ | ३००,०००.०० | |
| १३५ | लिलि सामुदायिक भवन तथा गुम्बा जाने बाटो रेलिङ | ५ | २००,०००.०० | |
| १३६ | भिरकुना सामुदायिक भवन स्तरोन्नती | ५ | ३००,०००.०० | |
| १३७ | खानीगाउँ विद्युतपोल | ५ | १००,०००.०० | |
| १३८ | घेर्मु म्युजियम | ५ | ८००,०००.०० | |
| १३९ | तल्लो चिप्ला विद्युतीकरण | ५ | १५०,०००.०० | |
| १४० | तल्लो चिप्ला मोटरबाटो | ५ | ४५०,०००.०० | |
| १४१ | देवीथान निर्माण निउरी | ५ | १००,०००.०० | |
| १४२ | उपल्लो चिप्ला खेल मैदान स्तरोन्नती | ५ | १००,०००.०० | |
| १४३ | खानीगाउँ खेलमैदान स्तरोन्नती | ५ | १००,०००.०० | |
| १४४ | छिचु खेलमैदान निर्माण | ५ | १००,०००.०० | |
| १४५ | सञ्ज्ञापु आमा समूह भवन स्तरोन्नती | ५ | ३००,०००.०० | |
| १४६ | स्वास्थ्य चौकी व्यवस्थापन | ५ | १५०,०००.०० | |
| १४७ | युवा सञ्जाल कार्यक्रम | ५ | १००,०००.०० | |
| १४८ | महिला विकास कार्यक्रम | ५ | १००,०००.०० | |
| १४९ | स्याँगे-घेर्मु अस्थायी मोटरपुल | ५ | २००,०००.०० | |
| १५० | विद्यालय भौतिक पूर्वाधार तथा व्यवस्थापन (७ वटा विद्यालय) | ५ | ५००,०००.०० | |
| १५१ | वैकल्पीक ऊर्जा तथा अन्य सामाग्री खरिद | ५ | ३००,०००.०० | |
| १५२ | युवा उद्यमशीलता विकास कार्यक्रम | ५ | २००,०००.०० | |
| १५३ | विपद् व्यवस्थापन | ५ | १५०,०००.०० | |
| १५४ | सूर्योदय प्रा.वि खानेपानी | ५ | १००,०००.०० | |
| १५५ | सामुदायिक भवन भान्छा घर निर्माण डहरे | ६ | ३००,०००.०० | |
| १५६ | हिमालय प्रा.वि. डहरे | ६ | ११०,०००.०० | |
| १५७ | नाइचे सामुदायिक भवन स्तरोन्नती | ६ | ४००,०००.०० | |
| १५८ | नयाँ ज्योती प्रा.वि. नाइचे | ६ | १२०,०००.०० | |
| १५९ | सामुदायिक भवन स्तरोन्नती भिरपुस्तुन | ६ | ४००,०००.०० | |
| १६० | कालिका प्रा.वि. भिरपुस्तुन | ६ | २००,०००.०० | |
| १६१ | सामुदायिक भवन स्तरोन्नती दिङदिङ | ६ | ४८०,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १६२ | बाहुनडाँडा चौतरा देखि मास्थोक सम्म मोटरबाटो स्तरोन्नती | ६ | ४८०,०००.०० | |
| १६३ | साउने पानी देखि डादी खोला सम्म मोटरबाटो निर्माण | ६ | ४८०,०००.०० | |
| १६४ | लाम्पाटा घो.वा. निर्माण | ६ | ४८०,०००.०० | |
| १६५ | ध्वाँखोला चण्डीस्थान ग्याविङ | ६ | ४५०,०००.०० | |
| १६६ | वडा कार्यालय भवन स्तरोन्नती | ६ | ५००,०००.०० | |
| १६७ | चन्द्रोदय मा.वि. | ६ | ३००,०००.०० | |
| १६८ | कालिका सामुदायिक भवन स्तरोन्नती | ६ | ४५०,०००.०० | |
| १६९ | वाइसथोप्ले सामुदायिक भवन स्तरोन्नती | ६ | ४५०,०००.०० | |
| १७० | बा.घे.ता. | ६ | ५०,०००.०० | |
| १७१ | मै ढुङ्गा सामुदायिक भवन स्तरोन्नती | ६ | ३५०,०००.०० | |
| १७२ | जेटेश्वर आ.वि. | ६ | १५०,०००.०० | |
| १७३ | भैपरी | ६ | १५०,०००.०० | |
| १७४ | डादी-थाकन बेसी सडक | ६ | ५००,०००.०० | |
| १७५ | ढुडेखोला देवीस्थान सिँचाइ | ६ | २००,०००.०० | |
| १७६ | ठुलिबेशी खेलमैदान | ६ | ५००,०००.०० | |
| १७७ | भिरपुस्तुन सामुदायिक भवन | ६ | ३००,०००.०० | |
| १७८ | बाहुनडाँडा दिङदिङ ढल निकास | ६ | ३००,०००.०० | |
| १७९ | गैरीखेत ठाँडो कुलो | ६ | २००,०००.०० | |
| १८० | स्वास्थ्य प्रवर्द्धन कार्यक्रम(स्क्रिनिङ तथा शिविर सञ्चालन) | ७ | ४००,०००.०० | |
| १८१ | महेन्द्रदेव मा.वि. पूर्वाधार विकास | ७ | ५००,०००.०० | |
| १८२ | सिपमूलक क्षमता विकास तथा सचेतना कार्यक्रम | ७ | २००,०००.०० | |
| १८३ | विपन्न आयआर्जन कार्यक्रम | ७ | १००,०००.०० | |
| १८४ | तराङ्गे तल्लो टोल जाने मोटरबाटो | ७ | ५००,०००.०० | |
| १८५ | डादी ताङ्लीचोक गोरेटोबाटो | ७ | ४००,०००.०० | |
| १८६ | डादीचुली सामुदायिक भवन | ७ | ४००,०००.०० | |
| १८७ | नयाँगाउँ सामुदायिक भवन | ७ | ५००,०००.०० | |
| १८८ | महेन्द्रदेव जाने गोरेटोबाटो | ७ | ४००,०००.०० | |
| १८९ | उस्ता गोरेटोबाटो | ७ | ६५०,०००.०० | |
| १९० | सिद्धार्थ सामुदायिक भवन | ७ | ३५०,०००.०० | |
| १९१ | छिनखोला गोरेटोबाटो | ७ | ३५०,०००.०० | |
| १९२ | देवीथान मन्दिर | ७ | २००,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १९३ | सिर्जना प्रा.वि. संरक्षण | ७ | २५०,०००.०० | |
| १९४ | शेरा ताराचोक लुदी सडक | ७ | ४००,०००.०० | |
| १९५ | लुदी गोरेटोबाटो | ७ | ३००,०००.०० | |
| १९६ | शेरा ढल व्यवस्थापन | ७ | २००,०००.०० | |
| १९७ | ताराचोक ढलनिकास व्यवस्थापन | ७ | ५००,०००.०० | |
| १९८ | सामुदायिक भजन मण्डली डादी | ७ | १००,०००.०० | |
| १९९ | डादी खेलमैदान | ७ | १,०००,०००.०० | |
| २०० | लुदी खानेपानी योजना | ७ | २००,०००.०० | |
| २०१ | तराङ्चे सामुदायिक भवन | ७ | ३००,०००.०० | |
| २०२ | डादी चर्च | ७ | १००,०००.०० | |
| २०३ | रिनचौर मोटरबाटो | ८ | २००,०००.०० | |
| २०४ | दलितटोल मोटरबाटो स्तरोन्नती | ८ | २००,०००.०० | |
| २०५ | भँगेरी सामुदायिक भवन | ८ | १५०,०००.०० | |
| २०६ | देविस्थान सामुदायिक भवन भन्छाघर | ८ | ४००,०००.०० | |
| २०७ | सिमलचौर ठाडो कुलो | ८ | २००,०००.०० | |
| २०८ | ठाँडखोला अर्चले सिँचाइ | ८ | २००,०००.०० | |
| २०९ | गैरी सिँचाइ | ८ | १५०,०००.०० | |
| २१० | बान्द्रे कुलो सिँचाइ | ८ | १५०,०००.०० | |
| २११ | अम्बोटे सिँचाइ | ८ | १५०,०००.०० | |
| २१२ | घरचौर सिँचाइ | ८ | २५०,०००.०० | |
| २१३ | लाम्पाटा सामुदायिक भवन | ८ | ३००,०००.०० | |
| २१४ | लाम्पाटा नयाँपुल बाटो निर्माण | ८ | १००,०००.०० | |
| २१५ | हात्तिरुख सामुदायिक भवन | ८ | ६००,०००.०० | |
| २१६ | भुलभुले-कुवापानी गोरेटोबाटो | ८ | ४००,०००.०० | |
| २१७ | ह्युलमनी छोइलिङ गुम्बा | ८ | ८००,०००.०० | |
| २१८ | स्यालेकुना सिँचाइ | ८ | १००,०००.०० | |
| २१९ | भुमि कृषक समूह भवन | ८ | ३००,०००.०० | |
| २२० | भुस्मे खेलमैदान | ८ | ४००,०००.०० | |
| २२१ | सिमलचौर खेलमैदान | ८ | ४००,०००.०० | |
| २२२ | ज्यामिरे नन्देश्वारा खानेपानी मर्मत | ८ | १००,०००.०० | |
| २२३ | वडा नं ८ को बाटो सफाइ | ८ | २००,०००.०० | |
| २२४ | रिङटाङ मोटरबाटो | ८ | ४००,०००.०० | |
| २२५ | जलजले सामुदायिक भवन | ८ | १५०,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| २२६ | ज्यामिरे मोटरबाटो मर्मत | ८ | २००,०००.०० | |
| २२७ | भुलभुले सामुदायिक भवन | ८ | ८००,०००.०० | |
| २२८ | लामागाउँ सडक बत्ति | ९ | २००,०००.०० | |
| २२९ | बाहबिसे खोलामा ट्रस्ट पुल | ९ | २००,०००.०० | |
| २३० | सिरबारी,थलेतु, पाँगु मोटरबाटो मर्मत | ९ | ३००,०००.०० | |
| २३१ | वाइ पुजा गर्ने दलित भवन लामागाउँ | ९ | १००,०००.०० | |
| २३२ | महादेव मन्दिर घेराबार | ९ | ५०,०००.०० | |
| २३३ | जनचाहना मन्दिर सत्तल निर्माण | ९ | ५०,०००.०० | |
| २३४ | भलामचौर मृचे गुम्बा | ९ | ४००,०००.०० | |
| २३५ | सत्तल भवन निर्माण लाम्पाटा | ९ | १००,०००.०० | |
| २३६ | भलामचौर खेल मैदान र नयाँ गाउँ जाने बाटो सफाइ | ९ | २००,०००.०० | |
| २३७ | ठुलो ढुङ्गा मोटरबाटो मर्मत | ९ | १००,०००.०० | |
| २३८ | सिम्पानी कालिका मन्दिर निर्माण | ९ | ४००,०००.०० | |
| २३९ | सङ्ग्रहालय सेग्ले | ९ | २००,०००.०० | |
| २४० | सिम्पानी भत्रेपाखा खेलमैदान निर्माण | ९ | ३००,०००.०० | |
| २४१ | सरस्वती आमा समूह भवन घेराबार | ९ | ५०,०००.०० | |
| २४२ | धनसिरी खानेपानी योजना | ९ | ५०,०००.०० | |
| २४३ | गणेश मा.वि. छात्राबास गेट निर्माण | ९ | १००,०००.०० | |
| २४४ | भलाम मोटरबाटो | ९ | ५०,०००.०० | |
| २४५ | स्वस्थ्य चौकी देखि गणेश मा.वि. मोटरबाटो | ९ | ३५०,०००.०० | |
| २४६ | सेग्ले बाबुराम घरदेखि फक्रेटा जाने मोटरबाटो मर्मत | ९ | १५०,०००.०० | |
| २४७ | भारम वान्द्रे खानेपानी योजना | ९ | ५०,०००.०० | |
| २४८ | पारीखेत देखि काउले मोटरबाटो निर्माण | ९ | २००,०००.०० | |
| २४९ | डडेंर खोला देखि पोखरी सम्म घेराबार | ९ | ५०,०००.०० | |
| २५० | सरस्वती आमा समूह भवन पुनःनिर्माण | ९ | २५०,०००.०० | |
| २५१ | कोटकालिका सामुदायिक भवन निर्माण | ९ | २००,०००.०० | |
| २५२ | भँडारो गाउँबाट गोपाल घर जाने बाटो | ९ | ५०,०००.०० | |
| २५३ | रञ्जित शेराफाँट खानेपानी योजना | ९ | १५०,०००.०० | |
| २५४ | साउने खोला प्रतिक्षालय निर्माण | ९ | १५०,०००.०० | |
| २५५ | रातोमाटे-टिमुरे-शेरा-रोप्लेखोला बाटो | ९ | १५०,०००.०० | |
| २५६ | बस्नेतथोक खानेपानी | ९ | १५०,०००.०० | |
| २५७ | कालिका मन्दिर-साउनेखोला-बाँसबोटे कैंजले पँधेरो बाटो | ९ | १००,०००.०० | |

वडा र गापागत बजेट तथा कार्यक्रम

| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| २५८ | पूर्ण थापाको घर हुँदै लेते जाने मोटरबाटो | ९ | ५०,०००.०० | |
| २५९ | भदौरे मोटरबाटो योजना | ९ | १५०,०००.०० | |
| २६० | सरस्वती सदन घेराबार | ९ | ३००,०००.०० | |
| २६१ | पाम्चोक खेलमैदान | ९ | ३००,०००.०० | |
| २६२ | दिव्यज्योतीको शौचालय निर्माण | ९ | ५०,०००.०० | |
| २६३ | रोप्लेखोला शेरा हुँदै कालिका मन्दिर मोटरबाटो | ९ | ३००,०००.०० | |
| २६४ | महत्थोक-तबे-ढाँड-भिरमुनि खानेपानी | ९ | २००,०००.०० | |
| २६५ | रामजी बसाह लाकुँरी बोटे मोटरबाटो मर्मत | ९ | १५०,०००.०० | |
| २६६ | बगुवा सिम्ले सिँचाइ योजना | ९ | १००,०००.०० | |
| २६७ | गाइखुरेश्वर मन्दिर ग्याबिन जाली, शौचालय तथा पर्खाल निर्माण | ९ | २००,०००.०० | |
| २६८ | ओख्ले भिरकुना मोटरबाटो | ९ | १५०,०००.०० | |
| २६९ | रामजी बसाह लाखुटार हुँदै असुरेखोला सिँचाइ योजना | ९ | २००,०००.०० | |
| २७० | टाप्रेधारी हुँदै मन्दिर सम्म नाली निर्माण र सोलिङ | ९ | २००,०००.०० | |
| २७१ | नयाँपुल टार धारा हुँदै सुवेदी गाउँसम्म मोरेटोबाटो | ९ | १५०,०००.०० | |
| २७२ | सुवेदी गाउँ मोटरबाटो सोलिङ | ९ | १००,०००.०० | |
| २७३ | गैसुटा खेलमैदान निर्माण | ९ | १००,०००.०० | |
| २७४ | सुधा संगम आमा समूह भवन मर्मत | ९ | ५०,०००.०० | |
| २७५ | असहाय, अपाङ्ग, गरिब विपन्न सहायता कोष | ९ | ५००,०००.०० | |
| २७६ | विपद् व्यवस्थापन | ९ | ४००,०००.०० | |
| २७७ | तमुह्युल लामागाउँ आमा समूह भवन | ९ | ३००,०००.०० | |
| २७८ | महिमा ए.जि. मण्डली | ९ | ३००,०००.०० | |
| २७९ | भलामचौर गुम्बा | ९ | ३००,०००.०० | |

निर्णय नं.२

मर्स्याङ्दी गाउँपालिकाको शिक्षा तर्फको GPE को सहयोगमा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत शशर्त तर्फको बजेटलाई तपसीलमा उल्लेखित विद्यालयहरुमा निम्नानुसारको दरमा रकम निकासाका दिने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | रकम | कै. |
|---|---|---|---|---|
| १ | श्री अमर माध्यमिक विद्यालय | ५२१ | १००००० | |
| २ | श्री चन्दोदय माध्यमिक विद्यालय | २०० | १००००० | |
| ३ | श्री गषेश माध्यमिक विद्यालय | २१३ | १००००० | |
| ४ | श्री महेन्द्रदेव माध्यमिक विद्यायल | २७३ | १००००० | |
| ५ | श्री प्रभातशान्ति पूर्ण माध्यमिक विद्यालय | १४६ | १००००० | |
| ६ | श्री त्रिभुवन माध्यमिक विद्यालय | २२७ | १००००० | |
| ७ | श्री गंगामिलन माध्यमिक विद्यालय | २०९ | १००००० | |
| ८ | श्री प्रेममिलन माध्यमिक विद्यालय | १७२ | १००००० | |
| ९ | श्री ग्रामकल्याण माध्यमिक विद्यालय | १८१ | १००००० | |
| १० | श्री सरस्वती सदन आधारभुत विद्यालय | ९८ | १००००० | |
| ११ | श्री लताकुन्ज आधारभुत विद्यालय | ८६ | १००००० | |
| १२ | श्री अरुणय ज्योती आधारभुत विद्यालय | ७२ | १००००० | |
| १३ | श्री धर्मभक्त आधारभुत विद्यालय | ५७ | १००००० | |
| १४ | श्री जटेश्वर आधारभुत विद्यालय | ९४ | १००००० | |
| १५ | श्री सरस्वती बिद्या मन्दिर आधारभुत विद्यालय | ७३ | १००००० | |
| १६ | श्री धनेश्वर प्रा. वि. खूदी | ४९ | ८५००० | |
| १७ | श्री अमृत प्राथमिक विद्यालय | २४ | ८०००० | |
| १८ | श्री विनायक प्राथमिक विद्यालय | १७ | ८०००० | |
| १९ | श्री हिमप्रेमी प्राथमिक विद्यालय | ४ | ६५००० | |
| २० | श्री बिद्याज्योती प्राथमिक विद्यालय | १० | ६५००० | |
| २१ | श्री देउराली प्राथमिक विद्यालय | 0 | ० | |

| | | | | |
|---|---|---|---|---|
| २२ | श्री आनन्ददेबी प्राथमिक विद्यालय | ६२ | ८५००० | |
| २३ | श्री बराहमन्दिर प्राथमिक विद्यालय | ३३ | ८०००० | |
| २४ | श्री कमला प्राथमिक विद्यालय | ३९ | ८५००० | |
| २५ | श्री सूर्यज्योती प्रँथमिक विद्यालय | २७ | ८०००० | |
| २६ | श्री नरेन्द्र प्राथमिक विद्यालय | ३१ | ८०००० | |
| २७ | श्री पञ्चबिचार प्राथमिक विद्यालय | ७३ | ८५००० | |
| २८ | श्री बालबिकास प्राथमिक विद्यालय ढगैं | २६ | ८०००० | |
| २९ | श्री बालबिकास प्राथमिक विद्यालय निउरी | ३१ | ८५००० | |
| ३० | श्री रत्नबिद्या मन्दिर प्राथमिक विद्यालय | ६ | ६५००० | |
| ३१ | श्री हिमालय प्राथमिक विद्यालय सञ्जापु | ४६ | ८५००० | |
| ३२ | श्री सुर्योदय प्राथमिक विद्यालय | २१ | ८०००० | |
| ३३ | श्री कालिका प्राथमिक विद्यालय | १२ | ८०००० | |
| ३४ | श्री कन्यदेबी प्राथमिक विद्यालय | ३० | ८०००० | |
| ३५ | श्री नयाज्योती प्राथमिक विद्यालय | २१ | ८०००० | |
| ३६ | श्री जनजागृति प्राथमिक विद्यालय | ३२ | ८३००० | |
| ३७ | श्री बालकल्याण प्राथमिक बिद्यालय मिप्रा | १७ | ८०००० | |
| ३८ | श्री पवित्रा प्राथमिक विद्यालय | १० | ८०००० | |
| ३९ | श्री हिमालय प्राथमिक बिद्यालय डहरे | ३ | ६५००० | |
| ४० | श्री वडादेबी प्राथमिक बिद्यालय | ७ | ६५००० | |
| ४१ | श्री बालकल्याण प्राथमिक बिद्यालय निउरी | १३ | ८०००० | |
| ४२ | श्री गषेशदेबी प्राथमिक विद्यालय | ९ | ६५००० | |
| ४३ | श्री जनचेतना प्राथमिक विद्यालय | 0 | ० | |
| ४४ | श्री अन्नपूर्ण प्राथमिक विद्यालय. | ३० | ८०००० | |
| ४५ | श्री जनप्रगति प्राथमिक विद्यालय | २५ | ८०००० | |
| ४६ | श्री जनप्रिय प्राथमिक विद्यालय | २२ | ८०००० | |
| ४७ | श्री जनकल्याण प्राथमिक विद्यालय | १२ | ८०००० | |
| ४८ | श्री लालीगुरास प्राथमिक विद्यालय | ९ | ६५००० | |
| ४९ | श्री अरुणदय प्राथमिक विद्यालय | १४ | ८०००० | |
| ५० | श्री जनचाहना प्राथमिक विद्यालय | ९ | ६५००० | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | श्री लक्ष्मी प्राथमिक विद्यालय | १८ | ८०००० | |
| ५२ | श्री मदन प्राथमिक विद्यालय | २७ | ८०००० | |
| ५३ | श्री सप्तकन्य प्राथमिक विद्यालय | १९ | ८०००० | |
| ५४ | श्री दुर्गामाई प्राथमिक विद्यालय | ५ | ६५००० | |
| ५५ | श्री मंगलोदय प्राथमिक विद्यालय | १० | ८०००० | |
| ५६ | श्री सृजना प्राथमिक विद्यालय | १६ | ८०००० | |
| ५७ | पाठ पुस्तक | ३४२१ | ४९९९१२ | |
| ५८ | खाजा | | १७०८८ | |
| ५९ | प्र.अ. तथा कर्मचारी यातायात भत्ता | | ६५००० | |
| | खर्च रकम रु | | ५१००००० | |
| | विनियोजित बजेट रु | | ५१००००० | |

निर्णय नं ३

यस गाउँपालिका वाट आ.व. २०७८/७९ मा ठेक्का लगाईएका ४ वटा वडा भवन (वडा नं २,४,५ र ९) को म्याद आषाढ १५ सम्म भएको तर निर्माण कार्य गर्ने क्रममा निर्माण सामाग्रीको अभाव, स्थानीय निर्वाचनले कामदारको अभाव साथै समय अगाभै सुरुवाती वर्षाका कारण ढुवानी कार्य गर्न नसकेको उल्लेख गर्दै निवेदन पेश गरेको हुनाले सार्वजानिक खरिद नियमावली २०६४ को दफा १२० बमोजिम म्याद ३ महिना थप गर्ने निर्णय गरियो।

निर्णय नं. ४

क) विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१) बाघेता यूवा क्लवलाई रु. २५,०००।-

२) जनकल्याण यूवा क्लव म गा. पा. वडा नं. ६ रु २०,०००।-

३) जिल्ला खेलकुद विकास समिति , लमजुङलाई राष्ट्रपति कप सञ्चालनार्थ रु ३०,०००।-

ख) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विपद् व्यवस्थापन कोषबाट ताराचोक विद्युत पोल संरक्षण, मर्स्याङ्दी -७ लाई रु.७५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

ग) जिल्ला प्रहरी कार्यालय लमजुङलाई मन्दिर निर्माणार्थ रु.१,००,०००।- सहयोग गर्ने निर्णय गरियो ।

घ) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विपद् व्यवस्थापन कोषबाट हांगो कुलो मर्स्याङ्दी -३ लाई रु.३०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

मनसुनको समयमा सडकको पानी व्यवस्थापन गर्न नसक्दा सडकको क्षती हुनजाने तथा स– साना पहिरोहरुको कारण सडक अवरुद्ध हुन गई यातायात नै रोकिन जाने हुँदा सडकको क्षमतामा ह्रास हुन् नदिनको साथै सडकलाई नियमित सुचारु गर्नेको लागि मिति २०७९/०४/०१ गते देखी बढिमा २.५ महिना सम्मको लागि प्रत्येक वडामा तपसिल बमोजिमको दरले जम्मा २९ जना सडक हेरालु नियुक्ती गर्ने निर्णय गरियो ।

| क्र.स. | म गा. पा. वडा नं. | संख्या | कै. |
|---|---|---|---|
| १ | वडा नं.१ | ३ | |
| २ | वडा नं.२ | ३ | |
| ३ | वडा नं.३ | ४ | |
| ४ | वडा नं.४ | ३ | |
| ५ | वडा नं.५ | ३ | |
| ६ | वडा नं.६ | ३ | |
| ७ | वडा नं.७ | ३ | |
| ८ | वडा नं.८ | ३ | |
| ९ | वडा नं.९ | ४ | |
| | जम्मा | २९ | |